जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक १५९ २०७६ साल माघ ८ गते बुधबार (22 Jan. 2020 Wednesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* ३ पृष्ठमा : सभामुखमा सापकोटाको ... ३ पृष्ठमा : हत्या घटनामा अनुसन्धानको ... ४ पृष्ठमा : बिराटनगरलाईराउँदै ...

# एक सातामा दुई वडा अध्यक्षको मृत्यु



स्व. सुशिल कुमार चौधरी



स्व. मुक्ति कार्की

**दैनिक समाचारदाता**
**राजविराज, ७ माघ ।**

एक साता भित्र सप्तरीको दुई स्थानिय तहका दुई वडा अध्यक्षको मृत्यु भएको छ ।

गत मंगलबार सुरुङ्गा नगरपालिका १ का वडा अध्यक्ष मुक्ति कार्कीको निधन भएको एक साता पुरा भए लगत्तै मंगलबारै सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका १ का वडा अध्यक्ष सुशिल कुमार चौधरीको मृत्यु भएको छ ।

५४ वर्षिय वडा अध्यक्ष कार्कीको हृदयघातका कारण निधन भएको थियो भने ३४ वर्षिय चौधरीको दुर्घटनामा परी ज्यान गएको हो ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत अग्निसाइर कृष्णासवरण गाउँपालिकाको जण्डोल सडक खण्डमा वडा अध्यक्ष चौधरी आफैले चलाएको को.३६प. ५३०६ नम्बरको मोटरसाइकल सोमबार राती १० बजेतिर दुर्घटनामा परेको थियो ।

टाउँकोमा गम्भिर चोट लागेका उनलाई तत्काले प्रहरीले उद्दार गरि कंचनरुप नगरपालिकास्थित धर्मेश्वर अस्पतालमा पुऱ्याएको थियो । तर अवस्थामा सुधार नभएपछि मंगलबार बिहानै राजविराजस्थित गजेन्द्र नारायण अस्पतालमा ल्याउँदा गर्दा बाटोमै उनको मृत्यु भएको अग्निसाइर कृष्णासवरण गाउँपालिका अध्यक्ष परशुराम चैंधरीले जानकारी दिएका छन् ।

चौधरी गत स्थानिय तहको निर्वाचनमा नेपाली काँग्रेसेकत्तर्फबाट उम्मेदवार भई वडा अध्यक्ष पदमा निर्वाचित भएका थिए ।

# प्रअले विद्यालयको सम्पत्ति दुरुपयोग गरेको भन्दै तालाबन्दी

**दैनिक समाचारदाता**
**राजविराज, ७ माघ ।**

सप्तरीको डाक्नेश्वरी गाउँपालिका वडा नं. १ स्थित मावि कविलासा (मधुवनी) का प्रधानाध्यापक कुमरलाल रायले विद्यालयका सम्पत्तिको दुरुपयोग गरेको भन्दै स्थानिय समाजसेवी तथा अभिभावकहरुले विद्यालयमा तालाबन्दी गरेका छन् ।



विद्यालयको सम्पत्तिको रुपमा रहेका जग्गा जमिन, रुख विरुवा, टहरा जथाभावी रुपमा निर्माण भएका टहरा र निर्माणाधीन अवस्थामा रहेका टहरा लगायत अतिक्रमित जग्गा जमिनको बारेमा विद्यालयका प्रअले कुनै जानकारी नदिएको भन्दै माघ ६ गते तालाबन्दी गरिएको जनाइएको छ ।

स्थानिय समाजसेवी तथा अभिभावकहरुले प्रअ रायसँग विद्यालयको सम्पत्तिको अवस्था बारे जानकारी लिन खोज्दा उनले आफूलाई थाहा नभएको गैरजिम्मेवारी जवाफ दिएपछि पठनपाठनमा कुनै असर नपर्ने गरि समस्या समाधान नहुनजेलसम्मका लागि विद्यालयमा तालाबन्दी गरिएको जारि विज्ञप्तिमा जनाइएको छ ।

**दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित**



**छिन्नमस्ता डेरी उद्योग**
**सिरहा रोड, राजविराज ७, खरसाल टोल**
**मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७**



**हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।**




***नोट :-*** **विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।**

# लुटपिट मुद्दाका चार फरार प्रतिवादी पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ७ माघ ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले पुन: चार फरार प्रतिवादीहरुलाई पक्राउ गरेको छ ।

प्रहरीले एक वर्षे कार्य योजना अनुरुप फरार प्रतिवादी पक्राउ गर्ने अभियानको रुपमा लिएपछि धमाधम फरार प्रतिवादीहरु पक्राउ परिरहेका छन् ।

ईलाका प्रहरी कार्यालय भारदहबाट खटिएको टोलिले जिल्लाको हनुमाननगर कंकालिन न.पा.४ मधवापुर बस्ने लुटपिट मुद्दाका तनुकलाक मण्डल, चन्देश्वर मण्डल, सोनावति अमात र सहेन्द्र कुमार मण्डललाई पक्राउ गरेको हो ।

यता पक्राउ परेका फरार प्रतिवादीहरुलाई सप्तरी जिल्ला अदालतमा बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । यो सँगै सप्तरी प्रहरीले झण्डै ६० जना फरार प्रतिवादीहरुलाई पक्राउ गरिसकेको छ ।




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

**हाम्रो सेवाहरु** →

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit Quick & Easy · Prabhu Money Transfer · City Express · IME International Money Express · IME pay · himal remit हिमालरेमिट · CG Money · MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

# सम्पादकीय

## बालश्रमलाई निरुत्साहित गरौं

बालश्रम कानूनी रुपमा निषेधित भएपनि सप्तरीमा अझै बालश्रम रोकिएको छैन् । होटल, इट्टा भट्टा, टेलर्स, चिया पसललगायतमा अझै बाल मजदुर राख्ने क्रम जारी छ । बालश्रम नियन्त्रणका लागि सरकारी र गैरसरकारी निकायहरुबाट बिभिन्न गतिबिधीहरु समेत सञ्चालन हुदै आएको छ । यद्यपी बालश्रम उन्मुलनको कुरा केबल कागजमा मात्रै सिमित भएको छ ।

इट्टा भट्टा, पसल, होटल, टेलर्स मात्र होइन घरेलु काममा पनि बाल मजदुरहरुको संख्या निकै ठुलो देखिन्छ । ग्रामिण भेगमा जाने हो भने घाँस काट्ने, गाईवस्तु चराउने, दाउरा र कवाडी सामान संकलनमा लागेका बालबालिका प्रशस्त देखिन्छ । बालबालिकाहरुलाई काममा होईन, पढन लेख्नमा लगाउनुपर्छ भन्दै जनता जगाउने काम नभएको भने होईन्, तर बालश्रमप्रति आँखा चिम्लिने प्रबृतिका कारण बालश्रम राख्ने क्रममा अपेक्षाकृत रुपमा कमी आउन नसकेको हो । बालश्रमको विकृति अन्त्यका लागि राज्यका निकाय मात्र होईन्, सबै इमान्दार हुनु जरुरी छ । बालश्रम विरुद्धका कार्यशाला र गोष्ठिले मात्र बालश्रम उन्मुलन नभएकोले बालश्रम विरुद्ध निरन्तर अभियानकै आवश्यकता छ ।

बालबालिकालाई श्रममा लगाउनु भनेको कानूनी अपराध हो भन्ने कुराको ज्ञान सबैमा पुर्याउनुपर्छ । बालबालिकाहरुलाई मजदुरका रुपमा काममा लगाउने कार्यलाई सबै मिलेर निरुत्साहित गर्दै गाउँ गाउँमा बालश्रम बिरुद्ध अभियान लैजानुपर्ने आवश्यकता छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569







नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
**( मानवश्रोत एवं प्रशासन विभाग, भर्ना छनौट महाशाखा )**
नक्साल, काठमाण्डौ ।
प्रथम पटक प्रकाशित मिति :- २०७६/१०/०१ गते ।

### नयाँ भर्ना सम्बन्धी सूचना

नेपाल प्रहरीमा **प्राविधिक समूह** अन्तर्गत विभिन्न उप-समूह तर्फ रिक्त **प्राविधिक प्रहरी जवान** पदमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट रु.१०।- को टिकट टाँसी (स्वयम् उपस्थित भई) दरखास्त आव्हान गरिन्छ ।

**१. आवश्यक माग पद संख्या :-**

| क्र.सं. | विज्ञापन नं. | कार्यालय | उप-समूह | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| १. | ०५ (०७६/७७) | सञ्चार निर्देशनालय तर्फ | इन्जिनियरिङ | ३२९ | १२ | ५४ | ८६ | ७६ | ४० | १४ | ६११ |
| २. | ०६ (०७६/७७) | सूचना प्रविधि निर्देशनालय तर्फ | इन्जिनियरिङ | २३ | १ | ३ | ६ | ६ | ३ | १ | ४३ |
| ३. | ०७ (०७६/७७) | भौतिक पुर्वाधार निर्देशनालय तर्फ | इन्जिनियरिङ | ३४ | १ | ५ | ९ | ८ | ४ | २ | ६३ |
| ४. | ०८ (०७६/७७) | सवारी महाशाखा तर्फ | इन्जिनियरिङ | ६८ | ३ | ११ | १७ | १६ | ८ | ३ | १२६ |
| ५. | ०९ (०७६/७७) | केनाइन महाशाखा तर्फ | केनाइन (डग ह्याण्डलर) | २९ | १ | ४ | ७ | ७ | ३ | २ | ५३ |
| ६. | १० (०७६/७७) | हातहतियार मर्मत शाखा तर्फ | हातहतियार | ३ | - | - | १ | १ | १ | - | ६ |
| ७. | ११ (०७६/७७) | नेपाल प्रहरी अस्पताल तर्फ | स्वास्थ्य | १० | - | १ | ३ | ३ | १ | १ | १९ |
| ८. | १२ (०७६/७७) | केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला तर्फ | विधि विज्ञान | ४ | - | - | १ | १ | १ | - | ७ |
| ९. | १३ (०७६/७७) | नेपाल प्रहरी संगीत विद्यालय तर्फ | संगीत | ७८ | ३ | १२ | २० | १८ | ९ | ४ | १४४ |

**२. दरखास्त फाराम दर्ता मिति :-** २०७६/१०/०५ गते, बिहान १०:०० बजेदेखि २०७६/११/११ गते, १७:०० बजेसम्म (सार्वजनिक विदाको दिन बाहेक) ।

**३. दरखास्त फारम पाइने र बुझाउने स्थान :**

| क्र.स. | कार्यालयहरु | सम्पर्क नं. |
|---|---|---|
| १. | २ नं. प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर<br>सम्पर्क कार्यालय : राजविराज सप्तरी ।<br>जिल्ला प्रहरी कार्यालय सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा | ९८५४०९०६०० |

**४. उमेर हद/दरखास्त दस्तुर (राजश्व) :-**

| उमेरको हद | दरखास्त दस्तुर |
|---|---|
| दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २३ वर्ष ननाघेको । तर बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ । | दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.१५० (एक सय पचास) बुझाउनु पर्नेछ । साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.३०) का दरले थप दस्तुर लाग्ने छ । |

**५. आवश्यक न्यूनतम योग्यता :**

| पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|
| सञ्चार निर्देशनालय तर्फ :<br>सूचना प्रविधि निर्देशनालय तर्फ<br>सवारी महाशाखा तर्फ<br>केनाइन महाशाखा तर्फ<br>हातहतियार मर्मत शाखा तर्फ<br>नेपाल प्रहरी अस्पताल तर्फ<br>केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशाला तर्फ | – मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तिर्ण गरेको ।<br>– SEE को ग्रेड सीटमा GPA 2 वा सो भन्दा माथी ग्रेड प्वाइन्ट हुनुपर्ने । |
| भौतिक पूर्वाधार निर्देशनालय तर्फ | – मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरि प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् वा सो सरहको संस्थाबाट सम्बन्धित विषय (सिकर्मी, डकर्मी, पेन्टर, बिजुली, प्लम्बर र नकर्मी) मा सीप प्रमाण पत्र प्राप्त गरेको । |
| केन्द्रिय प्रहरी संगीत विद्यालय तर्फ | – मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरेको |

**६. सम्पर्क मिति तथा स्थान :** २०७६/११/३० गते बिहान ११:०० बजे, दरखास्त फारम दर्ता गर्ने सम्बन्धीत प्रहरी कार्यालयहरुमा

## तिरहुत गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### गोइठी, सप्तरी
### प्रदेश नं.२, नेपाल

*मिति : २०७६/१०/८*

आ.ब. २०७६/७७ मा यस तिरहुत गाउँपालिकाको गाउँ सभाबाट पारित गाउँपालिका स्तरिय विकास योजनाका कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने भएकोले तपशिलमा उल्लेखित कार्यक्रम अनुसार सो योजना कार्यान्वयन हुने क्षेत्रको लाभग्राही बुद्धिजिवि, उपलब्ध प्रस्थित व्यक्तिगतहरुलाई सो स्थान र समयमा उपस्थित भई उपभोक्ता समिति तथा अनुगमन समिति गठनमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

*तपसिल*

| खर्च शिर्षक नं. | खर्च शिर्षकको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १. | निर्माणाधिन गा.पा. भवन निर्माण गर्ने कार्य | ३००००००।०० | २०७६/१०/१८ | गा.पा. भवनको प्राङ्गणमा | १२:०० बजे |
| २. | निर्माणाधिन सभा हल निर्माण गर्ने कार्य | १००००००।०० | २०७६/१०/१८ | गा.पा. भवनको प्राङ्गणमा | १:०० बजे |
| ३. | नयाँ बोरिंग खरिद र नयाँ पुरानो बोरिंग जडान गर्ने कार्य | ६००००००।०० | २०७६/१०/१८ | गा.पा. भवनको प्राङ्गणमा | १०:०० बजे |
| ४. | वडा नं. १ मा ट्युवेल पाईप खरिद गरी जडान गर्ने कार्य | १००००००।०० | २०७६/१०/१८ | १ नं. वडा कार्यालयमा | ३:०० बजे |

# सभामुखमा सापकोटाको उम्मेदवारी दर्ता

काठमाडौँ, ७ माघ (रासस)।

प्रतिनिधिसभाको सभामुख पदको निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का तर्फबाट नेता अग्निप्रसाद सापकोटाको उम्मेद्वारी दर्ता भएको छ। सङ्घीय संसद् भवन, नयाँबानेश्वरस्थित ल्होत्से हलमा मंगलबार मध्याह्न उहाँले उम्मेदवारी दर्ता गराउनुभएको हो।

सापकोटाको उम्मेदवारीको प्रस्तावकमा नेकपा संसदीय दलका उपनेता सुवास नेम्वाङ रहनुभएको छ भने समर्थकमा नेकपाका प्रमुख सचेतक देव गुरुङ र सांसद ओनसरी घर्ती तथा राष्ट्रिय जनता पार्टीका सांसद लक्ष्मणलाल कर्ण हुनुहुन्छ। संसद् सचिवालयले मंगलबार बिहान ११ बजेदेखि अपराह्न २ बजेसम्म मनोनयन दर्ताको समय तोकेको छ।

सभामुख पदको निर्वाचन यही माघ १२ गते हुँदैछ। आइतबार बसेको नेकपाको सचिवालय बैठकले स्थायी कमिटी सदस्य सापकोटालाई सभामुखको उम्मेदवार बनाउने निर्णय गरेको थियो। तत्कालीन सभामुखले पदबाट राजीनामा दिएपछि चार महिनादेखि सभामुख पद रिक्त रहँदै आएको छ।

# हत्या घटनामा अनुसन्धानको क्रममा रहेका सापकोटालाई सभामुख नबनाउन एम्नेष्टीको माँग

**दैनिक समाचारदाता**
**काठमाडौं, ७ माघ।**

एमनेष्टी इन्टरनेशनल नेपालले राजनीतिक भागबण्डाको आधारमा संक्रमणकालीन न्याय आयोगहरूमा नाम सिफारिस भएलगत्तै अपहरण पश्चात हत्यामा संलग्न भएको आरोप लागेका नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का पोलिटब्युरो सदस्य अग्नी सापकोटालाई सभामूख पदमा निर्वाचनका लागि मनोनयन गरिएकोमा गम्भीर आपत्ति जनाएको छ।

एमनेष्टीद्वारा मंगलबार एक विज्ञप्ति मार्फत घटना क्रमले नेपालमा कानुनी शासनको धज्जी उडाएको, मानवअधिकारका दायित्वहरूलाई लत्याएको र न्यायका लागि अनवरत संघर्षरत पूर्णिमाया लामा लगायत आम पीडित समुदायको घोर अपमान गरेको ठहर गरेको छ।

विज्ञप्तिमा आगामी मार्च महिनामा संयुक्त राष्ट्र सङ्घको मानवअधिकार परिषद्मा हुने नेपालको मानवअधिकार अवस्थाको बारेमा छलफल हुन गइरहेको सन्दर्भमा संक्रमणकालीन न्यायको चरम राजनीतिकरण र यो मनोनयनले नेपालको मानवअधिकार छविलाई अन्तर्राष्ट्रिय क्षेत्रमा थप बदनाम

*बाँकी अन्तिम पृष्ठमा*


Shambhunath Municipality
Office of Municipal Executive
Kathauna, Saptari
Provence No. 2, Nepal

**Invitation for Bids/Tender**

First Date of Publication: 2076/10/07

The Shambhunath Municipality, Kathauna, Saptari has allocated funds towards the cost of Civil Works/Goods and intends to apply parts of the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.

1. Shambhunath Municipality Office invites sealed bids from eligible bidders for the Civil Works/Goods.

| Package No. | Description of Works | Costs of Bidding Documents (Nrs) | Bid Bond Amounts (Nrs) | Last Date and Time of Bid Purchase | Last Date and Time of Bid Submission | Bid Opening Date & Time | Estimated Amount (without VAT) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 04/T/SHMUN/19/H/2076/077 | Hospital Building Construction | 3,000 | 85,000 | 2076/ 11/11 Office Hour | 2076/ 11/12 12:00 PM | 2076/ 11/12 01:00 PM | 3348382.44 | |

2. Bidding will be conducted through National Competitive Bidding (NCB) procedures Government Procurement issued by PPMO.
3. Eligible bidders may obtain further information and inspect the bidding document at the Shambhunath Municipality, Kathauna Saptari, Procurement Unit at office hour.
4. Bidding documents can be purchased at the address given below within specified date and time mention above at office hour by interested eligible bidders on submission of a written application, along with the copy of company/firm registration certificate, local body business registration certificate (Renewed F/Y/2075/076, Tax registration certificate (PAN/VAT), Tax clearance up to FY 2075/076 and upon payment of a non refundable fee as per mentioned above.
5. Bid document fee shall be deposited in Rastriya Banijya Bank, Rajbiraj, Saptari, Account number 2180304018109. Office code 15-365-01.
6. Sealed Bids must submitted to the office Shambhunath Municipality, Kathauna, Saptari office , Procurement Unit, on or before specified date time mentioned above. Bids received after this deadline will be rejected.
7. Bids will be opened in presence of Bidder's representative who choose to attend at specified date and time mentioned above at the office of Shambhunath Municipality, Kathauna, Saptari. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount shall be valid for 30 days beyond the validity period of the bid.
8. The bid security may either be in the form of a bid security issued by authorized A Class commercial bank or cash deposited in Rastriya Banijya Bank, Rajbiraj, Saptari, account number 2180303007109.
9. Bid security document shall be compulsory submitted according to the format provided in the bid document, otherwise the bid shall be excluded from the bid evaluation process.
10. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day. Document received after this deadline will be rejected.
11. The Employer reserves the right to accept or reject, wholly of partly any or all bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**
**Shambhunath Municipality, Kathauna, Saptari**

# अनाथ बालबालिकाहरुलाई ब्लायङ्केट बितरण




**दैनिक समाचारदाता**
**राजविराज, ७ माघ ।**
हेल्प नेपालको सहयोगमा धर्मी हल्फा महिला विकास क्लब ए सप्तरीले मुस्लिम अनाथ बालबालिकाहरुलाई मंगलबार ब्लायङकेट बितरण गरेको छ ।

जिल्लाको बिष्णुपुर गाउपालिका ७ ईटहरी र बिष्णुपुर गाउँका दलित समुदायका बिपन्न बृद्धबृद्धाहरु र छिन्नमस्ता गाउपालिका ३ गोबिन्दपुरस्थित मदरसा ईस्लामिया जियाउल उलुममा अध्यनरत अनाथ बालबालिकाहरुलाई सो ब्लायङकेट बितरण गरिएको हो ।

धर्मी हलफा महिला विकास क्लवको अध्यक्ष समाजसेवी ई. सूर्य नारायण यादवले एक एक थान ब्लायङकेट बितरण गरेको जनाइएको छ ।

# बिराटनगरलाई हराउँदै सिरहा मेयर कपको सेमिफाईनलमा

**दैनिक समाचारदाता**
**राजविराज, ७ माघ ।**
उतरबाहिनी समाज सेवा युवा क्लव बल्टीयाही सिरहा सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित मेयरकप २०७६ फुटबल प्रतियोगिताको सेमिफाईनलमा प्रवेश गरेको छ ।

प्रतियोगिता अन्तर्गत मंगलवार सम्पन्न खेलमा बिराट मेगा स्पोर्टस क्लब बिराटनगरलाई शुन्यका बिरुद्ध एक गोलले पराजित गर्दै सिरहा सेमिफाईनलमा स्थान सुरक्षित गरेको हो ।

प्रतियोगिता अन्तर्गत बुधवारको खेल त्रियुगा स्पोर्टस क्लब फत्तेपुर सप्तरी र एफसी बेलखाडी टिम महोत्तरीबीच हुने खेलकुद समितिका सचिव श्रवण कुमार चौधरीले जानकारी दिएका छन् ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा संयासी युवा क्लब पोखरीयाको आयोजनामा शुरु भएको प्रतियोगितामा सप्तरी, सिरहा, महोत्तरी, उदयपुर, सुनसरी र मोरंगका बिभिन्न १४ क्लबको सहभागिता रहेको जनाएको छ ।



## तिलाठी चलू ! तिलाठी चलू !! तिलाठी चलू !!!

मान्यवर, सप्तरीक तिलाठी स्थित ऐतिहासीक पाठशाला प्रागंणमे करिब एक सय वर्षसँ बेसी समयसँ प्रत्येक वर्ष आयोजना होयत आवि रहल **सरस्वती पुजनोत्सव तथा वसन्त पञ्चमी मेला अहुँवर्ष माघ १६ गते सँ २१ गते (तदनुसार ३० जनवरी सँ ४ फरबरी)** धरी संचालन होमय जा रहल अछि । उक्त अवधिमे माँ शारदेक दर्शन, पुर्जा/अर्चना सँगही मेला अवलोकन हेतु सम्पुर्ण महानुभावके सादर आमन्त्रण अछि ।

**मेलाक मुख्य आकर्षण :**

➢ **माघ १९, २० आ २१ गते अन्तर्राष्ट्रिय कुश्ति दंगल**
*(दंगलमे नेपाल-तथा भारतके ६० गोटयसँ बेसी ख्याती प्राप्त महिला तथा पुरुष पहलवानके सहभागिता रहत)*

➢ **माघ १७ आ १८ गते जिल्ला स्तरीय खुला नृत्य प्रतियोगिता**
*(प्रथम पुरस्कार नगद ११ हजार, द्वितिय पुरुस्कार ५ हजार ५ सय, तृतिय पुरुस्कार ३ हजार ५ सय आ सान्तवना पुरुस्कार २ हजार ५ सय सँगही आकर्षक शिल्ड तथा प्रमाण पत्र)*

➢ **माघ १६ गतेसँ २१ धरि प्रत्येक राति रात्रीकालिन सांस्कृतीक कार्यक्रम**
*(नाटक मंचन सँगही मिथिला क्षेत्रक चिर परिचित एवम् लोकप्रिय गायक, नृत्यांगना, बाद्यवादक आ हास्य कलाकार लोकनिक सहभागिता रहत ।)*

**प्रार्थी**
**सरस्वती पुजनोत्सव तथा बसन्त पञ्चमी मेला आयोजक समिति**
**एवम् सम्पुर्ण तिलाठी ग्रामवासी**



# आठ भारतीय पर्यटकको मृत्यु

हेटौंडा, ७ माघ (रासस) ।
मकवानपुर जिल्लाको थाहा नगरपालिका–४ दामनस्थित पानोरमा रिसोर्टमा आठ भारतीय पर्यटकको मृत्यु भएको छ ।

रिसोर्टका कोठामा सोमबार राति बसेका पर्यटकले हिटर बालेर सुतेका कारण निसास्सिएर मृत्यु भएको हुनसक्ने जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरी निरीक्षक ललनप्रसाद कुर्मीले मृत्यु हुनेमा भारत केरलाका ३८ वर्षीय रन्जित कप, ३४ वर्षीय इन्द्र कप, ३७ वर्षीय प्रवीण, ३२ वर्षीया सरिया, ५ वर्षीय अभी, ७ वर्षीया अर्चना, ५ वर्षीय बैशनव, ९ वर्षीया बन्द्रा रहेका जानकारी दिनुभयो ।

नेपाल घुम्न आएका १५ पर्यटकमध्ये आठको मृत्यु भएको हो । उहाँहरु रिसोर्टको १०१ नम्बर कोठामा बास बस्नुभएको थियो । एउटै कोठामा आठ जना सुत्नुभएका ती पर्यटक मंगलबार बिहान बेहोस अवस्थामा फेला पर्नुभएको थियो । उहाँहरुलाई हेलिकप्टरबाट काठमाडौँको ह्याम्स् अस्पताल लगिएको थियो ।

पोखराबाट सोमबार साँझ उहाँहरु सो रिसोर्टमा बास बस्न आउनुभएको पालुङ इलाका प्रहरी कार्यालयले जनाएको छ ।

### *हत्या घटनामा ...*

बनाउने निश्चत रहेको जनाइएको छ ।

अदालतको आदेश अनुसार फौजदारी अनुसन्धानको क्रममा रहेका फरारी व्यक्तिलाई फौजदारी जवाफदेहीताबाट उन्मुक्ति दिने कलुषित नियतले सभामुख जस्तो गरिमामय कानुन निर्माणको नेतृत्वदायी पदमा पदासिन गराउन थालिएको यस प्रकृयालाई तत्काल परित्याग गर्न हामी सरकार, राजनीतिक नेतृत्व र सम्बन्धित सबैलाई आह्वान गरेको छ ।

साथै कानुनी शासन, मानवअधिकार, सुशासन र लोकतन्त्रतका मूल्य मान्यताको बर्खिलाप हुनेगरी लिइएको सो लगायतका कदमलाई आम रुपमा अवज्ञा र खबरदारी गरी नागरिक जिम्मेवारी निर्वाह गर्न आम जनसमुदायमा विज्ञप्ति मार्फत अपिल समेत गरेको छ ।




हनुमाननगर कंकालिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमाननगर, सप्तरी
प्रदेश नं. २, नेपाल

पत्र संख्या : २०७६/०७७
चलानी नं.: ११०६

मिति : २०७६/१०/०६ गते

विषय : छोरी शिक्षा विमा/मुद्दती बचत खाता कार्यक्रम संचालन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै ।
हनुमाननगर कंकालिनी नगरपालिका

उपरोक्त सम्बन्धमा मुख्य मन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत मिति २०७५।१०।०१ गते पछि जन्मेका बालिकाहरुको लागि छोरी शिक्षा विमा/मुद्दती बचत खाता कार्यक्रम संचालन हुने हुँदा तपसिलको मिति, स्थान र समयमा उल्लेखित वडाहरुको अभिभावकहरु आवश्यक कागजात सहित उपस्थित भई दिन जानकारीका लागि अनुरोध छ ।

तपसिल

| | | |
|---|---|---|
| वडा नं. १, २, ३, ४, ६, ८ | र | वडा नं. ५, ७, ९, १०, ११, १२, १३, १४ |
| मिति : २०७६।१०।११ गते | | मिति : २०७६।१०।१२ गते |
| स्थान : पोर्ताहा मा.वि. | | स्थान : नगरपालिका भवन |
| समय : बिहान १०:०० बजे | | समय : बिहान १०:०० बजे |

आवश्यक कागजातहरु :
१. छोरी/बालिकाको जन्मदर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
२. अभिभावक मध्ये एक/दुवै जनाको नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
३. छोरीको पासपोर्ट साईजको फोटो-६ प्रति ।
४. अभिभावक/संरक्षकको पासपोर्ट साईजको फोटो-६ प्रति ।
५. व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी, संरक्षत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी ।
६. छोरी शिक्षा विमा र मुद्दती बचत खाताको लागि वडा कार्यालयबाट सिफारिस पत्र ।

वोधार्थ:
१. श्री इलाका प्रहरी कार्यालय, भारदह
२. श्री इलाका प्रहरी कार्यालय, हनुमाननगर

प्रमुख प्रशासकीय अधिकृत





## सुनौलो अवसर! सुनौलो अवसर!! सुनौलो अवसर!!!

# युनिक सिटी क्लिनिक

यहि माघ ११ गते देखि १३ गते सम्म बरिष्ट तथा दक्ष चिकित्सकहरुद्वारा निः शुल्क स्वास्थ्य शिविर हुन गइरहेको हुँदा आफ्नो बहुमूल्य स्वास्थ्यलाई ध्यानमा राखी निःशुल्क स्वास्थ्य सेवाको फाइदा उठाउनु हुन, यस ३ दिने शिविरमा सहभागी भई आफ्नो तथा परिवारको स्वास्थ्य परीक्षण गराउन बिनम्र अनुरोध गर्दछौं ।

**हाम्रो सेवाहरू यस प्रकार छन् :**
➢ निःशुल्क OPD (ओ.पी.डी.) सेवा ।
➢ सबै किसिमको स्त्री रोग एवम् बंशानुगत रोग तथा बाझोपनको उपचारका साथै उचित सल्लाह सुझाव ।
➢ विभिन्न किसिमका शल्यक्रियाहरु विशेष छुटका साथ गरिने । जस्तै ब्ुउभलमक्ष, पित्तथैलीको पथरी, शरिरका बिभिन्न भागमा मासु बढेको, हर्निया, बाबासिर, स्तन क्यान्सर, पाठेघरको खराबी तथा क्यान्सर इत्यादि ।
➢ हाडजोर्नी तथा नसारोगको सम्पूर्ण उपचारका साथै शल्यक्रिया विशेष छुटमा गरिनेछ ।
➢ सम्पूर्ण जाँचहरुमा ५०% छुट
➢ भिडियो X-ray मा ५०% छुट
➢ CT Scan मा ५०% छुट

**नोट** : माघ महिना भरी सम्पूर्ण जाँचहरु (भिडियो X-ray तथा CT Scan समेत) मा ५०% छुट दिने छ ।

**Whole Body Check up**
-RBS -CBC RFT
-TFt -LFT -USG
-ECG
(Total Rs.6,000,50% Rs.3,000)

**आयोजक :**
**सम्पूर्ण युनिक सिटी क्लिनिक**
**७ युनिक कलेज अफ मेडिकल साइन्स & हस्पिटल परिवार**

**स्थान :**
**युनिक सिटी क्लिनिक, राजविराज (गणेश मन्दिर नजिकै)**
**फोन नं. : ०३१-५२०७७६, ९८१३७२०५०८**
**समय : विहान १० बजे देखि ४ बजे सम्म**





देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु




**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*